


# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार


देशको आर्थिक सामाजिक विकासमा ५८ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष ३१ अंक ६ | फागुन २०८० | Year 31 Vol 6 | Feb. / Mar. 2024


## राष्ट्रिय वाणिज्य बैंक सञ्चालक समिति सदस्यमा नारायणप्रसाद रिसाल र रामप्रसाद ज्ञवाली नियुक्त



**काठमाडौं, १० फागुन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको रिक्त रहेको सञ्चालक समितिको सदस्यहरुमा अर्थ मन्त्रालयका सहसचिव नारायणप्रसाद रिसाल तथा प्रा.डा.रामप्रसाद ज्ञवाली नियुक्त हुनु भएको छ । सञ्चालक समितिका नवनियुक्त सदस्यहरु रिसाल र ज्ञवालीले बैंक सञ्चालक समितिका अध्यक्ष दिलीपकुमार ढुङ्गाना समक्ष बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ वमोजिम बिहीबार पद तथा गोपनीयताको शपथ लिनु भएको छ। सञ्चालक समितिका नवनियुक्त सदस्यहरु रिसाल र ज्ञवालीले एक कार्यक्रमका बीच पदबहाली समेत गनुभएको छ।



शपथ ग्रहण कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंकका सञ्चालकहरु, प्रमुख कार्यकारी अधिकृत, नायब प्रमुख कार्यकारी अधिकृतहरु, उपकार्यकारी अधिकृतहरु र कम्पनी सचिव लगायतको उपस्थिति रहेको थियो। ■

## संखुवासभाको पोखरीबजारमा राष्ट्रिय वाणिज्य बैंकको २८७ औं शाखाको समुद्घाटन

**काठमाडौं, १३ फागुन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले संखुवासभा जिल्लाको चैनपुर नगरपालिका वडा न.३ पोखरीबजार स्थित २८७ औं शाखा कार्यालय पोखरीबजार विस्तार गरी कारोबार शुभारम्भ गरिएको छ । सर्वोच्च अदालतका माननीय न्यायाधीश हरिप्रसाद फुयालले विधिवत रुपमा उक्त शाखाको समुदघाट्न गर्नुभएको छ।



उक्त अवसरमा माननीय न्यायाधीश हरिप्रसाद फुयालले बैंकहरुले आम जनताप्रति संवेदनशील भई आधुनिक बैंकिङ्ग सेवा प्रवाह गर्नुपर्ने र ग्राहकहरुले पनि बैंकिङ्ग अनुशासन भित्र रही बैंकिङ्ग कारोबार गर्नुपर्ने बताउनुभयो। बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकले आम नागरिकमा वित्तीय पहुँच विस्तार गरिरहेको बताउँदै बैंकको बर्तमान अवस्थाको बारेमा प्रकाश पार्नुभयो। शाखा कार्यालय पोखरीबजारको समुद्घाटन पूर्व वित्तीय साक्षरता सम्बन्धी प्रभातफेरी कार्यक्रम आयोजना गरिएको थियो।

उक्त कार्यक्रममा चैनपुर नगरपालिकाका नगर प्रमुख कृष्णकुमार तामाङ्ग, उप्रप्रमुख एलिना श्रेष्ठ, चैनपु न.पा. वडा नं ३ का वडा अध्यक्ष बलबहादुर अधिकारी, पूर्व नगर प्रमुख भरतकुमार खत्री, पूर्व गाविस अध्यक्ष ज्ञानबहादुर कार्की, स्थानीय राजनीतिक दलका प्रतिनिधिहरु, समाजसेवीहरु, उद्योगी व्यवसायीहरु, नेपाली सेना, नेपाल प्रहरी, अन्य स्थानीय संघसस्थाका प्रतिनिधिहरु, बैंकका विभागीय प्रमुख आनन्द सुवेदी, कोशी प्रादेशिक कार्यालयका प्रादेशिक प्रबन्धक दिपकराज न्यौपाने, शाखा प्रबन्धकहरु लगायत सर्वसाधारणहरुको उपस्थिति रहेको थियो। ■

# विभाग स्तरीय बजेटको लक्ष्य, प्रगति, समीक्षा गोष्ठी सम्पन्न




**काठमाडौं, २७ माघ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको विभाग स्तरीय चालु आ.व. २०८०/०८१ बजेटको अर्द्धवार्षिक लक्ष्य, प्रगति समीक्षा तथा बजेट कार्यन्वयन सम्बन्धी रणनीतिक गोष्ठी सम्पन्न भएको छ । सो गोष्ठीको बैंक सञ्चालक समितिका अध्यक्ष दिलीपकुमार ढुङ्गानाले उद्घाटन गर्दै सरकारी बैंकले राज्यको नीति नियमको पालना गरी प्रतिस्पर्धामा नीजि बैंक भन्दा अगाडि हुनु पर्ने बताउनुभयो । उहाँले राष्ट्र बैंक, बाह्य तथा आन्तरीक लेखा परीक्षकले औंल्याएका कैफियतहरुको सुधार समयमै गर्नको लागि निर्देशन दिनुभयो। सो गोष्ठीमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बजेटमा तय गरिएका लक्ष्यहरु समयमै सम्पन्न गर्नुपर्ने बताउँदै आगामी आषाढ मसान्तभित्र शत प्रतिशत लक्ष्य पूरा गर्नुपर्ने बताउनुभयो । यद्यपि नीतिगत विषयमा भने केही समय लाग्न सक्ने बताउनुभयो । उहाँले बैंकिङ्ग क्षेत्रमा केही समय अगाडिसम्म २ प्रतिशत हाराहारीमा NPA रहेकोमा हाल ५ प्रतिशत NPA रहेकोमा पिसीए लागु हुन सक्ने खतरा रहेको सन्दर्भमा NPA घटाउन जोड दिनुभयो । उहाँले तरलताको अधिकतमा सदुपयोग गर्न गुणस्तरीय कर्जा बृद्धि गरी सीडी रेसियो बढाउनु पर्ने बताउनुभयो । काठमाडौंमा सञ्चालित सो गोष्ठिमा बैंकका सञ्चालक समितिका सदस्यहरु, नायब प्रमुख कार्यकारी अधिकृतद्धय देवेन्द्र रमण खनाल, सरस्वती अधिकारी, उपकार्यकारी अधिकृतहरु, विभागीय प्रमुखहरु, प्रादेशिक कार्यालयका प्रवन्धकहरु, मुख्य शाखा कार्यालयका प्रवन्धक, कर्पोरेट शाखाका प्रबन्धक लगायतको उपस्थिति रहेको थियो । ■

# कर्जा इन्चार्जहरुलाई Comprehensive तालिम प्रदान



**काठमाडौं, ६ फागुन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड सिकाई तथा विकास विभागको आयोजनामा बैंकको कार्यरत कर्जा इन्चार्जहरुलाई विभिन्न स्थानमा Comprehensive तालिम आयोजना गरिएको छ। काठमाडौंमा माघ २४ देखि २८ गते सम्म बागमती प्रादेशिक कार्यालय अन्तर्गतका ३८ जना कर्जा इन्चार्जहरु, बर्दीवासमा माघ २९ देखि फागुा ४ गते सम्म कोशी, मधेश र बागमती प्रादेशिक कार्यालय अन्तर्गतका ४४ जना कर्जा इन्चार्जहरु, रुपन्देहीमा फागुन ३ देखि ७ गते सम्म गण्डकी, लुम्बिनी, कर्णाली र सुदूर पश्चिम प्रादेशिक कार्यालय अन्तर्गतका ४३ जना कर्जा इन्चार्जहरुलाई तालिम प्रदान गरिएको छ।

गुणस्तरीय कर्जा व्यवस्थापन, कर्जा जोखिम व्यवस्थापन कर्जा सम्बन्धी परिपत्रहरु, राष्ट्र बैंकको एकिकृत निर्देशन, चालुपुँजी निर्देशन, वित्तीय विश्लेषण, कर्जा असुली तथा व्यवस्थापन, गैरकोषमा आधारित व्यवसाय, डिजिटल बजारीकरण, लोन अटोमेशन प्रणाली, नापी सम्बन्धी विषयमा बैंकका कर्मचारीहरुबाट विषयगत तालिम प्रदान गरिएको छ। तालिम कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत, नायब प्रमुख कार्यकारी अधिकृतहरु, उपकार्यकारी अधिकृतहरु, विभागीय प्रमुखहरु र प्रादेशिक प्रबन्धकहरुको उपस्थिति रहेको थियो। ■

# राष्ट्रिय वाणिज्य बैंक र नेपाल भलिबल संघ बीच सम्झौता




**काठमाडौं, १४ फागुन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल भलिबल संघ बीच आठौं RBB-NVA महिला तथा पुरुष भलिबल च्याम्पियनशिप-२०८० प्रतियोगितालाई मुख्य प्रायोजन गर्ने सम्बन्धमा सम्झौता भएको छ । सम्झौतापत्रमा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र नेपाल भलिबल संघका अध्यक्ष जितेन्द्रबहादुर चन्दले हस्ताक्षर गर्नुभएको थियो। २०८० चैत ३ गतेदेखि १० गतेसम्म आयोजना हुने राष्ट्रिय लिग प्रतियोगिताका नामको अगाडि RBB-NVA नाम राख्नु पर्नेछ। प्रायोजन स्वरुप बैंकले संघलाई १८ लाख रुपैंया प्रदान गर्नेछ। उक्त प्रतियोगितामा पुरुष तर्फ १२ र महिला तर्फ ९ गरी जम्मा २१ वटा टोलीले प्रतिस्पर्धा गर्नेछन् ।

उक्त कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले भलिबलको लोकप्रियतालाई देखेर बैंकले केही वर्ष अगाडि देखिनै सहयोग गरेको बताउँदै आगामी दिनमा पनि मिलेर अगाडि बढ्ने बताउनुभयो। नेपाल भलिबल संघका अध्यक्ष जितेन्द्रबहादुर चन्दले राष्ट्रिय वाणिज्य बैंक जस्तो ठूलो प्रायोजकको आगमनबाट राष्ट्रिय खेलको रुपमा मानिएको भलिबल खेलको थप बिकास र विस्तारमा सहयोग पुगेको बताउनुभयो ।

उक्त कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंकका उपकार्यकारी अधिकृत विमल डंगोल, विभागीय प्रमुख अच्युत गौतम, नेपाल भलिबल संघका पूर्व अध्यक्ष मनोरञ्जन शर्मा लगायत संघका पदाधिकारीहरुको उपस्थिति रहेको थियो। ■

## सरकारी कारोबार सम्बन्धी तालिम

**काठमाडौं, २२ माघ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड सिकाई तथा विकास विभागको आयोजनामा बैकको सम्बन्धीत विभागका कर्मचारीहरु, बागमती प्रादेशिक कार्यालयका कर्मचारीहरु तथा सरकारी कारोबार गर्ने अन्य शाखा कार्यालयका जम्मा ३७ जना कर्मचारीहरुलाई लक्षित गरी काठमाडौंमा सरकारी कारोबार सम्बन्धी तालिम प्रदान गरिएको छ। सरकारी कारोबार गर्ने नीतिगत व्यवस्था, हिसाब मिलान र खाताबन्दी, प्रतिवेदन, विद्युतीय कारोबार(राजश्ज/अन्य), कोष र बैंकबीचको सम्बन्ध, स्थानीय तहको राजश्व कारोबारको विधि र प्रक्रिया विषयमा प्रशिक्षकहरुबाट विषयगत तालिम प्रदान गरिएको छ । बैंकका नायब प्रमुख कार्यकारी अधिकृत सरस्वती अधिकारी, प्रबन्धकहरु अर्जुनप्रसाद दहाल र विमलप्रसाद जोशी, सञ्जिब महर्जनले प्रशिक्षण दिनु भएको थियो। ■

## तालिम विदेश



International Management Institute of Nepal (IMI Nepal) ले Sales Versity Pvt. Ltd., India सँगको सहकार्यमा Ho Chi Minh City, Vietnam मा सञ्चालन गरेको Future Leaders Retreat विषयक तालिम कार्यक्रममा मिति 2024 March 4-9 सम्म तपसिल बमोजिमका कर्मचारीहरुले भाग लिनु भएको छ।

१. मुख्य प्रबन्धक ब्रजमोहन अधिकारी (१११९१)
२. मुख्य प्रबन्धक हेमराज खरेल (१११९२)
३. मुख्य प्रबन्धक राजेन्द्र आचार्य (१११८२)

**प्रकाशक**
**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड**
प्रमुख कार्यकारी अधिकृतको कार्यालय
सिंहदरबारप्लाजा, काठमाडौं, फोनः ०१-४२५२५९५, Ext. २४२३
ई-मेलः rbbnl@rbb.com.np
वेबसाइटः www.rbb.com.np

**प्रमुख सल्लाहकार**
**किरणकुमार श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत

**सल्लाहकार**
**देवेश प्रसाद लोहनी**
उपकार्यकारी अधिकृत तथा सूचना अधिकारी

**सहायक सम्पादक**
**ईश्वर उप्रेती**

**डिजाइन**
**राजु तामाङ**